# प्राइम कमर्सियल बैंक लि.

**आर्थिक वर्ष २०७६।७७ को तेस्रो त्रैमासिक (२०७६ चैतसम्मको) अवधिको**

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ उपदफा (३) बमोजिमको विवरण देहाय बमोजिम रहेको छ ।

१. **निकायको स्वरुप र प्रकृति**
कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम नेपाल राष्ट्र बैंकबाट बैंकिङ कारोबार संचालन गर्न "क" वर्गको ईजाजतप्राप्त बैंक ।

२. **निकायको काम कर्तव्य र अधिकार:**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ मा व्यवस्था भएबमोजिमका काम कर्तव्य र अधिकारहरु ।

३. **निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण:**
हाल (२०७६ चैत मसान्तसम्म) कर्मचारी संख्या १४८४ रहेको र बैंकले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारीहरु मार्फत भईरहेको छ । व्यवस्थापन समूहको नाम र पद सूचना तथा जानकारीका लागि बैंकको वेभसाईट www.primebank.com.np मा राखिएको छ ।

४. **निकायबाट प्रदान गरिने सेवा:**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम "क" वर्गका इजाजतपत्रप्राप्त बैंकले दिने भनि उल्लेख गरिएका सम्पूर्ण बैंकिङ सेवा तथा सुविधाहरु ।

५. **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी:**
बैंकको शाखा र जिम्मेवार अधिकारीको विवरणहरु बैंकको वेभसाईट www.primebank.com.np मार्फत प्राप्त गर्न सकिनेछ ।

६. **सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि:**
बैंकले प्रदान गर्ने विभिन्न प्रकारका सेवाहरुको शुल्क तथा सो सम्बन्धित आवश्यक अन्य सम्पूर्ण विषय वस्तुहरुको सूचना तथा जानकारी बैंकको वेबसाइट www.primebank.com.np मार्फत प्राप्त गर्न सकिनेछ ।

७. **निर्णय गर्ने प्रकृया र अधिकारी :**
बैंकिङ कारोबारका सम्बन्धमा गर्नुपर्ने आवश्यक निर्णयहरु तोकिएका अधिकारीहरु मार्फत गर्न सक्ने व्यवस्था अवलम्बन गरिएको छ । प्रमुख कार्यकारी अधिकृत तथा बैंकको संचालक समिति अन्तिम निर्णयकर्ताको रुपमा रहेको छ ।

८. **निर्णय उपर उजुरी सुन्ने अधिकारी :**
बैंकको कारोबार तथा यसले प्रदान गरेको सेवा सम्बन्धमा ग्राहकहरुको गुनासो तथा उजुरी सुन्नकालागि गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिएको छ । निजको नाम तथा ठेगाना देहाय बमोजिम रहेको छ :

प्रशान्त राज डंगोल
कम्प्लायन्स विभाग प्रमुख
प्राइम कमर्सियल बैंक लि., कमलपोखरी, काठमाडौं ।
फोन नं ०१-४४२३४३२/४४२३४३३/४४२३४३६, इमेल : prashant.dangol@pcbl.com.np

९. **सम्पादन गरेको कामको विवरण :**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम "क" वर्गका बैंकहरुले गर्नसक्ने सम्पूर्ण बैकिङ कारोबारहरु सम्पादन भइरहेको छ ।

१०. **सूचना अधिकारी र प्रमुखको नाम र पद :**
श्री भाइराजा तुलाधर
प्रमुख सूचना अधिकृत

पदः नायव महाप्रबन्धक

**११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :**

बैंकले व्यवसाय संचालनका क्रममा देहाय बमोजिमका ऐन, नियम, विनियम वा निर्देशिकाहरु पालना गर्ने गरेको छ :

१. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३
२. नेपाल राष्ट्र बैंक ऐन, २०५८
३. बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८
४. कम्पनी ऐन, २०६३
५. बैंकिङ कसुर तथा सजाय ऐन, २०६४
६. सम्पत्ती शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४
७. धितोपत्र सम्बन्धी ऐन, २०६३
८. सुरक्षित कारोबार ऐन, २०६३
९. विनिमय अधिकारपत्र ऐन, २०३४
१०. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ आदि ।
११. उल्लिखित ऐनहरु बमोजिमका सम्पूर्ण नियम तथा विनियमहरु ।
१२. नेपाल राष्ट्र बैंकको सम्पूर्ण निर्देशिका, परिपत्रहरु ।

**१२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अध्यावधिक विवरण :**

बैंकको आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी त्रैमासिक विवरणहरु राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशित हुँदै आएको छ । साथै यस्तो विवरण बैंकको वेभसाईट www.primebank.com.np मा समेत उपलब्ध छ ।

**१३. बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना :**

नाम : नारायण दास मानन्धर

ठेगाना : प्राइम कमर्सियल बैंक लि., रजिष्टर्ड कार्यालय कमलपोखरी, काठमाडौं ।

फोन नं ०१-४४२३४३२/४४२३४३३/४४२३४३६, फ्याक्स नं : ०१-४४२५९५५, इमेल : info@pcbl.com.np

**१४. साथै सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिमको विवरण देहाय बमोजिम रहेको छ :**

**क. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण :**

यस बैंकले बैंकिङ कारोबार सम्बन्धी कार्य गर्दै आएको छ । यसैगरी बैंकले मिति २०७६।११।२९ बाट साविक कैलास विकास बैंक लिमिटेडलाई यस बैंकमा (एक्वायर) समाहित गरि एकिकृत कारोवार सञ्चालन गरेको छ ।

**ख. सार्वजनिक निकायको वेभसाईट भए सो को विवरण :**

यस बैंकको एक आधिकारीक वेभसाईट रहेको र सो को नाम www.primebank.com.np रहेको छ ।

**ग. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण :**

बैंकको वार्षिक प्रतिवेदन पुस्तकको रुपमा प्रकाशन गरि बैंकको वेभसाईटमा समेत प्रकाशन गर्ने गरिएको छ । साथै बैंकको आवधिक वित्तीय विवरणहरु त्रैमासिक रुपमा राष्ट्रिय स्तरका पत्रपत्रिकाका साथै बैंकको वेभसाईट मार्फत जानकारीको लागि प्रकाशन गर्ने गरिएको छ ।

**मिति : २०७७/०१/३०**